सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २५१ ♦ २०८३ साल जेष्ठ १२ मंगलवार ♦ 26 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# बर्दिवासमा सुकुम्बासी आन्दोलन चर्कियो : महोत्तरी वन कार्यालयको गाडी जलाइयो





**खबर दर्पण समाचारदाता**

**जेष्ठ ११ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगर पालिका-३ कालापानी क्षेत्रमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको आन्दोलन चर्किँदा डिभिजन वन कार्यालयको गाडी जलाइएको छ।

डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजय कुमार मिश्रका अनुसार सोमबार राति करिब १२ बजे वन कार्यालयको गाडीमा आगजनी गरिएको हो। वन क्षेत्र खाली गराउन सूचना जारी गर्न पुगेको टोलीलाई स्थानीयले नियन्त्रणमा लिएपछि अवस्था तनावग्रस्त बनेको थियो। सब-डिभिजन वन कार्यालय गढन्ताकी वन अधिकृत स्वेता झाको नेतृत्वमा पुगेको सात सदस्यीय टोलीलाई स्थानीयले रातिसम्म नियन्त्रणमा राखेका थिए।

स्थानीयले विपी राजमार्ग अवरुद्ध गर्दै वन कर्मचारीलाई घेराउ गरेका थिए। पछि सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले वन कर्मचारीहरूको उद्धार गरेको जनाएको छ।

डिभिजन वन कार्यालयका अनुसार राजाबास, कालापानी र वरडाडालगायत क्षेत्रमा करिब १ हजार १ सय हेक्टर वन क्षेत्र अतिक्रमण गरी घर टहरा निर्माण तथा खेतीपाती हुँदै आएको छ। वन कार्यालयले उक्त क्षेत्र खाली गराउन प्रक्रिया अघि बढाएपछि स्थानीय आन्दोलनमा उत्रिएका हुन्।

मंगलबार बिहानदेखि पनि आन्दोलन जारी रहेको छ। स्थानीयले सडकमा काठका मुढा राखेर विपी राजमार्ग अवरुद्ध गरेका छन् भने धर्ना जारी राखेका छन्।

स्थानीयवासीले आफूहरू वर्षौंदेखि बसोबास गर्दै आएको ठाउँबाट जबर्जस्ती हटाउन खोजिएको भन्दै आक्रोश व्यक्त गरेका छन्। उनीहरूका अनुसार वैकल्पिक व्यवस्थाबिना बस्ती हटाउने निर्णय स्वीकार्य नहुने बताएका छन्। “हामीलाई बस्ने ठाउँको सुनिश्चितता नभएसम्म आन्दोलन रोकिन्न,” बर्दिवास ३ का वडा अध्यक्ष विराट विस्टले बताउनुभयो । उहाँले “बस्ती नउठाउने” स्पष्ट प्रतिबद्धता



कसरकार र प्रशासनबाट नआएसम्म आन्दोलन जारी रहने बताउनुभयो ।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | खबरपत्रिका शिरीष साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

खबर दर्पण
राष्ट्रिय दैनिक



# दोहाको अल मतार कदिममा ‘दिलवाले रेस्टुरेन्ट’को तेस्रो शाखा भव्य उदघाटन




आशिक हुसैन शेख
दोहा, कतार

कतारको राजधानी दोहास्थित अल मतार कदिम क्षेत्रमा नेपालीद्वारा सञ्चालित “दिलवाले रेस्टुरेन्ट”को तेस्रो शाखा भव्य रूपमा उद्घाटन गरिएको छ। दक्षिण एसियाली समुदायको स्वाद र संस्कृतिलाई प्राथमिकता दिँदै सञ्चालनमा ल्याइएको नयाँ शाखाले नेपाली, भारतीय, पाकिस्तानी तथा बंगलादेशी समुदायका लोकप्रिय परिकारहरू एउटै स्थानमा उपलब्ध गराउने उद्देश्य राखेको सञ्चालक पक्षले जनाएको छ।

उद्घाटन समारोहमा नेपाली, भारतीय, पाकिस्तानी तथा बंगला समुदायका विभिन्न व्यक्तित्व, व्यवसायी, समाजसेवी तथा स्थानीय बासिन्दाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागीहरूले विदेशमा बसेर पनि आफ्नै देशको स्वाद र संस्कृति जोगाउने प्रयासको प्रशंसा गरेका थिए।

दोहामा छोटो समयमै छुट्टै पहिचान बनाउन सफल दिलवाले रेस्टुरेन्टले ग्राहकको बढ्दो विश्वास र मायालाई मध्यनजर गर्दै तेस्रो शाखा सञ्चालनमा ल्याएको जनाएको छ। नयाँ शाखा आधुनिक व्यवस्थापन, सफा वातावरण तथा पारिवारिक माहोलसहित सञ्चालनमा आएको छ।

रेस्टुरेन्टमा दक्षिण एसियाली समुदायले मन पराउने विभिन्न प्रकारका स्न्याक्स, चाट, मिठाई तथा परम्परागत परिकारहरू उपलब्ध रहेका छन्। समोसा, समोसा पाव, चोला समोसा, आलु वडा, पकौडा, ब्रेड पकौडा, पानीपुरी, भेलपुरी, दहीपुरी, आलु टिक्का चाट लगायतका लोकप्रिय स्न्याक्स ग्राहकका लागि विशेष आकर्षण बनेका छन्।

त्यस्तै मिठाईतर्फ गुलाब जामुन, रसगुल्ला, रसमलाई, जलेबी, बुँदी लड्डु, बेसन बर्फी, पेडा, मिल्क केक, काजु कतली, काजु रोल, मालाइ स्यान्डविच लगायतका विभिन्न मिठाईहरू उपलब्ध छन्। साथै गाजर हलुवा, रवा हलुवा, काजु हलुवा, बदाम हलुवा तथा खजुर हलुवा लगायतका परिकारले पनि ग्राहकको ध्यान तानेका छन्। नेपाली समुदायका लागि विशेष रूपमा सेलरोटी तथा अन्य परम्परागत स्वादिष्ट खानेकुराहरू समेत राखिएको छ।

उद्घाटन कार्यक्रममा सहभागीहरूले दिलवाले रेस्टुरेन्टले विदेशमा रहेका दक्षिण एसियाली समुदायलाई आफ्नै घरको स्वाद दिलाउने विश्वास व्यक्त गरेका थिए। कतारमा कार्यरत नेपाली, भारतीय, पाकिस्तानी तथा बंगला समुदायका व्यक्तिहरूले यस्ता रेस्टुरेन्टले आपसी सम्बन्ध र सांस्कृतिक एकतालाई अझ मजबुत बनाउने बताएका छन्।

सञ्चालक मुमताजका अनुसार गुणस्तरीय स्वाद, सफा वातावरण, ग्राहकप्रति सम्मानजनक व्यवहार तथा उचित मूल्यमा सेवा प्रदान गर्नु नै रेस्टुरेन्टको मुख्य उद्देश्य रहेको छ। “हामी सबै समुदायलाई एउटै परिवारझैं सेवा दिन चाहन्छौं। यहाँ आउने ग्राहकले आफ्नै देशको स्वाद महसुस गर्न सकून् भन्ने हाम्रो प्रयास हो,” उनले बताए।

दोहामा विस्तार हुँदै गएको दिलवाले रेस्टुरेन्टको यो तेस्रो शाखाले आगामी दिनमा अझ धेरै ग्राहकको मन जित्ने विश्वास गरिएको छ। उद्घाटन समारोहमा सहभागीहरूले रेस्टुरेन्टको सफलताको शुभकामना व्यक्त गर्दै भविष्यमा अझ उत्कृष्ट सेवा प्रदान गर्न आग्रह गरेका थिए।

# जनकपुर-जयनगर रेलले किचेर एक महिलाको मृत्यु

खबर दर्पण समाचारदाता
जेष्ठ ११ गते, ढल्केवर

जनकपुर-जयनगर रेलमार्गमा सोमबार साँझ भएको दुर्घटनामा एक महिलाको मृत्यु भएको छ। धनुषा जिल्लाको विदेह नगर पालिका-९ बैदेही स्टेसनबाट करिब ६ सय मिटर पूर्व रेलले किच्दा एक ३० वर्षीया महिलाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

सोमबार साँझ ५:३२ बजे जयनगरबाट जनकपुरतर्फ आउँदै गरेको रेलले ती महिलालाई किचेको हो। टाउकोमा गम्भीर चोट लागेपछि उनको तत्कालै मृत्यु भएको धनुषा प्रहरीका प्रवक्ता डीएसपी मधुसुधन न्यौपानेले जानकारी दिनुभयो।

घटनापछि इलाका प्रहरी कार्यालयको टोली घटनास्थलमा पुगेर मुचुल्का तयार पारेको छ।

मृतक महिलाको पहिचान भने अहिलेसम्म खुल्न सकेको छैन। शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा पठाइएको प्रहरीले जनाएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# व्यवसायी र उपभोक्ताबीचको अधिकार संरक्षणमा दुवै पक्ष जिम्मेवार हुनुपर्छः मन्त्री पटेल

खबर दर्पण समाचारदाता
जेष्ठ ११ गते, ढल्केवर




मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिष पटेलले व्यवसायी र उपभोक्ता दुवै पक्षले एकअर्काको मानव अधिकारको सम्मान र संरक्षण गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आयोजना गरेको ‘व्यवसाय र मानव अधिकार’ विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री पटेलले व्यवसाय सञ्चालनमा हुने व्यवहार र उपभोक्ता अधिकार दुवै मानव अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको बताए।

उनका अनुसार उपभोक्ताले व्यवसायीसँग अनुचित व्यवहार गर्ने वा व्यवसायीले उपभोक्ताको अधिकार उल्लंघन गर्ने अवस्था दुवै मानव अधिकार हननकै रूप हो। साथै उनले अनधिकृत र अधिकृत व्यवसायीबीच हुने द्वन्द्वले पनि मानव अधिकार उल्लंघन निम्त्याउने उल्लेख गरे।

मन्त्री पटेलले उद्योग वाणिज्य संघहरूले एकताको नाममा अनधिकृत व्यवसायीलाई संरक्षण गर्न नहुने धारणा राखे।

कार्यक्रममा उनले मधेश प्रदेश सरकारले छिट्टै उद्योग दर्ता तथा नवीकरणका लागि अनलाइन प्रणाली (सफ्टवेयर) विकास गर्ने तयारी भइरहेको जानकारी पनि दिए। साथै उत्कृष्ट करदाता व्यवसायीलाई प्रोत्साहनस्वरूप नगदसहित पुरस्कृत गर्ने योजना रहेको उनको भनाइ थियो।

सोही कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जनकपुरधामको व्यापार व्यवसाय निरन्तर ओरालो लागिरहेको भन्दै चिन्ता व्यक्त गरे।

उनले व्यवसायीहरू कठिन अवस्थामा रहेको भन्दै सरकारले आवश्यक सुविधा र सहजीकरण नगरेको गुनासो गरे। कार्यक्रममा उद्योगी व्यवसायी, मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# पुरुषोत्तम माससँगै गेरुका स्नान मेलामा श्रद्धालुको घुइँचो

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ११ गते, बर्दिवास**

मधेश प्रदेशको धार्मिक तथा सांस्कृतिक जीवनसँग गहिरो सम्बन्ध जोडिएको एकमहिने गेरुका स्नान मेलामा श्रद्धालुहरुको घुइँचो लागेको छ। प्रत्येक तीन वर्षमा एकपटक पर्ने पुरुषोत्तम मास (मलमास) का अवसरमा लाग्ने यो मेला जेठ ३ गते देखि प्रारम्भ भएसँगै महोत्तरीको लोहारपट्टी नगर पालिका-४ स्थित खुट्टा पिपरारी क्षेत्र श्रद्धालु भक्तजनको आगमनले भरिभराउ बनेको छ।

धनुषा र महोत्तरी जिल्लाको सीमाक्षेत्रमा अवस्थित गेरुका धाममा बिहानैदेखि हजारौँ श्रद्धालु भक्तजन पवित्र स्नान, पूजा-आराधना तथा दर्शनका लागि पुग्ने गर्छन्।

रामायणकालीन इतिहाससँग जोडिएको मानिने यस धार्मिकस्थललाई मिथिला क्षेत्रको प्राचीन आस्थाको केन्द्रका रूपमा लिने गरिएको छ।

स्थानीय जनविश्वास तथा धार्मिक ग्रन्थअनुसार माता सीताले समेत गेरुका नदीमा स्नान गर्ने गरेको उल्लेख पाइन्छ। यही कारण मिथिलावासीले गेरुका नदीलाई अत्यन्त पवित्र मानेका छन्। विशेषगरी पुरुषोत्तम मासमा यहाँ स्नान गरे पापबाट मुक्ति मिल्ने, मनोकामना पूरा हुने तथा पुण्य प्राप्त हुने विश्वास रहिआएको छ।

मेलाको शुभारम्भका अवसरमा जनकपुरधामस्थित जानकी मन्दिरको अगुवाइमा भगवान् राम र माता सीताको स्वरूपलाई गेरुका नदीमा लगेर विशेष पूजा गरिएको थियो। वैदिक मन्त्र, शङ्खध्वनि तथा भजनकीर्तनबीच सम्पन्न धार्मिक अनुष्ठानले सम्पूर्ण क्षेत्र भक्तिमय बनेको थियो।



स्थानीयवासी तपेश्वर यादवका अनुसार गेरुका धाममा मेला लाग्ने परम्परा सयौँ वर्ष पुरानो हो। कन्तावाँ नदी र उत्तरवाहिनी नदीको संगमस्थलमा अवस्थित यस धाममा प्राचीनकालदेखि नै गेरुका महाकुम्भ मेला लाग्दै आएको जनविश्वास रहेको उहाँले बताउनुभयो।

मधेश प्रदेशका आठवटै जिल्लाका साथै भारतको बिहार राज्यबाट समेत दैनिक हजारौँ श्रद्धालु यहाँ आउने गरेका छन्। मेला अवधिभर लाखौँ भक्तजनले स्नान गर्ने अनुमान गरिएको छ। विशेषगरी आइतबार र मङ्गलबार अत्यधिक भिड लाग्ने स्थानीयवासी बताउँछन्।

गेरुका मेला धार्मिक आस्थाको केन्द्र मात्र नभई मिथिला सभ्यता र सांस्कृतिक पहिचानको महत्वपूर्ण प्रतीकका रूपमा रहेको जानकारहरू बताउँछन्। मेलाका बेला नदी किनारमा भजन-कीर्तन, साधुसन्तको प्रवचन तथा सामूहिक पूजा-आराधनाले सम्पूर्ण क्षेत्र धार्मिक उत्सवमा परिणत हुने गरेको छ। धार्मिक मेलाले स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पारेको छ। मेला अवधिभर अस्थायी बजार सञ्चालन हुने, पूजासामग्री, मिठाइ, कपडा तथा स्थानीय परिकारको व्यापार बढ्ने गरेको व्यापारीहरू बताउँछन्। होटल, यातायात तथा साना व्यवसायीले पनि राम्रो आम्दानी गर्ने गरेका छन्। यद्यपि गेरुका धाममा आवश्यक पूर्वाधार अभाव रहेको स्थानीयवासीको गुनासो छ। व्यवस्थित सडक, पार्किङ, खानेपानी, शौचालय, विश्रामस्थल तथा स्वास्थ्य सेवाको पर्याप्त व्यवस्था हुन नसकेको उनीहरूको भनाइ छ। श्रद्धालुको सुरक्षाका लागि स्थानीय प्रशासनले अस्थायी प्रहरी सहायता कक्ष, स्वास्थ्य शिविर तथा स्वयंसेवक परिचालन गरेको जनाएको छ। लोहारपट्टी नगरपालिकाका प्रमुख शैलेन्द्रकुमार यादवले गेरुका धामको दीर्घकालीन विकासका लागि योजना निर्माणबारे छलफल भइरहेको जानकारी दिनुभयो। धार्मिक पर्यटन प्रवर्द्धनमार्फत मधेश प्रदेशको आर्थिक तथा सांस्कृतिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरिएको छ।


मिथिला संस्कृतिका अध्येताहरूका अनुसार गेरुका धाम धार्मिक आस्था, सांस्कृतिक निरन्तरता र सामाजिक एकताको महत्वपूर्ण केन्द्र हो। आधुनिक जीवनशैलीको विस्तार भए पनि परम्परागत धार्मिक विश्वासप्रति जनआस्था अझै बलियो रहेको दृश्य गेरुका मेलामा देख्न सकिन्छ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं। यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ। तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ। त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं। खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन। यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

मटिहानी नगरपालिका,
महोत्तरी






औरही नगरपालिका,
महोत्तरी



## पालिकाको स्थानीयलाई अनुरोध



-जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
-जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
-जन्म, मृत्यु बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
-जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
-बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
-विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ।
-सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
-सबैको व्यक्तिगत घटना दर्ता गरौ, गराऔं।
-सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
-प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
-महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।
-जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
-गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
-महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।





गौशाला नगरपालिका,
महोत्तरी

# महोत्तरी जिल्ला स्तरीय रनिङ शिल्डमा बर्दिबासको उत्कृष्ट प्रदर्शन



खबर दर्पण समाचारदाता

**जेष्ठ ११ गते, बर्दिवास**

महोत्तरी जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ ।

महोत्तरी जिल्ला खेलकुद विकास समिति जलेश्वरको आयोजनामा शुक्रबारदेखि सुरु भएको प्रतियोगिता आइतबार सम्पन्न भएको हो ।

जलेश्वरस्थित रंगशालामा आयोजित प्रतियोगितामा जिल्लाका आठ स्थानीय तहबाट सात सयभन्दा बढी खेलाडी सहभागी भएका थिए । प्रतियोगिताअन्तर्गत एथलेटिक्स, भलिबल, कराते, तेक्वान्दो तथा कबड्डीलगायत खेल समावेश गरिएको थियो ।

एथलेटिक्सतर्फ १०० मिटर, २०० मिटर, ४०० मिटर, ८०० मिटर , १५०० मिटर तथा ३००० मिटर दौड, हाई जम्प, लङ जम्प, ट्रिपल जम्प, रिले दौड तथा जेभलिन थ्रो प्रतियोगिता सञ्चालन गरिएको आयोजकले जनाएको छ ।प्रतियोगिताको उद्घाटन महोत्तरी जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सत्येन्द्र यादवको अध्यक्षतामा भएको थियो । उद्घाटन समारोहमा नौ वर्षीय टेबलटेनिस खेलाडी सामर्थ्य गुप्तालाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गरिएको थियो ।

नेपालमै पहिलो पटक खेलाडीलाई प्रमुख अतिथि बनाएर प्रतियोगिता उद्घाटन गरिएको आयोजकको दाबी छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै बर्दिबास नगरपालिका प्रथम हुँदै २०८३ सालको राष्ट्रपति रनिङ शिल्ड उपाधि जित्न सफल भएको छ । त्यसैगरी, औरही नगरपालिका दोस्रो तथा गौशाला नगरपालिका तेस्रो भएको छ । विजेता टोलीलाई महोत्तरी जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यादवले शिल्ड प्रदान गर्नुभयो ।

प्रतियोगिताको सफल आयोजनामा शिक्षक, प्रशिक्षक, कर्मचारी, सञ्चारकर्मी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा दर्शकको महत्वपूर्ण योगदान रहेको आयोजकले जनाएको छ । कार्यक्रममा पूर्वमुख्यमन्त्री सरोज यादव, विभिन्न पालिकाका प्रमुख तथा प्रतिनिधि, सम्बन्धित कार्यालयका प्रमुख तथा प्रतिनिधि, पूर्वअध्यक्ष तथा खेल सङ्घका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा वक्ताहरूले जिल्लामा खेलकुद प्रतिभाको पहिचान, विकास तथा युवालाई सकारात्मक दिशातर्फ उन्मुख गराउन यस्ता प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । आयोजकले प्रतियोगिता सफल बनाउन सहयोग पुऱ्याउने सम्पूर्ण खेलप्रेमी, शिक्षक, प्रशिक्षक, कर्मचारी, सञ्चारकर्मी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, दर्शक तथा खेलाडीप्रति धन्यवाद ज्ञापन गरेको छ ।

# महोत्तरीमा बसको ठक्करबाट वृद्धको मृत्यु

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**जेष्ठ ११ गते, बर्दिवास**

महोत्तरीको जलेश्वर मा सोमबार बिहान यात्रुवाहक बसको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ ।




जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी पञ्चलाल गोले का अनुसार जलेश्वर नगर पालिका-६ निवासी ७५ वर्षीय चन्देश्वर साहलाई जनकपुरतर्फ जाँदै गरेको ना४ख ४७५८ नम्बर को बसले जलेश्वर-२ स्थित मटिहानी चोकमा ठक्कर दिएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका साहलाई उपचारका लागि जनकपुरधाम स्थित प्रादेशिक अस्पताल लगिएकोमा उपचार कै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले बस र चालक महोत्तरीको पिपरा गाउँपालिका-९ अलिपट्टी निवासी सत्य नारायण यादवलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको जनाएको छ ।


छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

जनकपुरधाम उपमहानगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश



अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,